# मेल्लेख गाउँपालिका

विन्धेवासनी, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

# मेल्लेख पर्यटन प्रवर्द्धन तथा व्यावस्थापन समिति (गठन) आदेश, २०७९

संशोधित मिति: २०७९/०५/३१

CS CamScanner

# मेल्लेख पर्यटन प्रवर्द्धन तथा व्यावस्थापन समिति (गठन) आदेश, २०७९

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेश अछाम जिल्लाको मेल्लेख क्षेत्रमा धार्मिक, सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक सम्पदाहरुको संरक्षण र व्यवस्थापन गर्दै आकर्षक पर्यटक स्थलको रुपमा विकास गर्ने उद्देश्यले मेल्लेख क्षेत्र पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन समितिको गठन गर्न वाञ्छनीय भएकोले, स्थानिय सरकार संचालन ऐन, २०७४ दफा ९को ३ वमोजिम गाउ कार्यपालिकाले देहाय वमोजिमको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:(१) यस आदेशको नाम "मेल्लेख पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन समिति (गठन) आदेश २०७९" रहेको छ ।

(२) यो गठन आदेश मेल्लेख गाउपालिका (कार्यापलिका) बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा :-</u>

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ वमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "मेल्लेख क्षेत्र" भन्नाले मेल्लेख क्षेत्र भित्र अवस्थित धार्मिक क्षेत्र, ऋषिदह, नन्दामाता छोटिमालिका, विल्थुम, चुलिकोट विमकोट, डाफेताल, सातमुल, खापर चौखुट्टे, गंगा जमुना, भण्डारकोट, लिगमाण्डौ, वेतालमाण्डौ, फुलचढाउने समेतका क्षेत्र तथा वरपरका मध्यवर्ती क्षेत्र सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ३ वमोजिम गठन भएको मेल्लेख क्षेत्र पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

(च) "वोर्ड" भन्नाले नेपाल पर्यटन वोर्ड लाई सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

३. <u>समितिको गठन</u>: (१) मेल्लेख क्षेत्रको प्राकृतिक, वातावरणिय, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण एवम् सर्म्वद्धन गर्नका लागि 'मेल्लेख क्षेत्र पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन समिति' नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) वमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :

(क) अछाम जिल्लाको मेल्लेख गाउपालिका अध्यक्ष वाअध्यक्षले तोकेको राष्ट्रिय, प्रादेशिक र गाउपालिका स्तरमा ख्याति प्राप्त व्यक्ति - अध्यक्ष

CamScanner

(ख) मेल्लेख क्षेत्रको विकासमा योगदान पुर्याएका व्यक्तिहरुमध्ये गाउ कार्यपालिका बाट मनोनित तिन जना व्यक्ति - सदस्य

(ग) पर्यटन व्यवसायमा संलग्न गाउ कार्यपालिका बाट मनोनित एक जना महिला - सदस्य

(घ) पर्यटन व्यवसायमा संलग्न गाउ कार्यपालिका बाट मनोनित एक जना दलित - सदस्य

(ङ) कार्यकारी निर्देशक - सदस्य सचिव

(३) देहायका योग्यता भएको व्यक्ति समितिको अध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्ने छ ।

(क) २८ वर्ष उमेर पुगेको, मेल्लेख गाउपलिका भित्र स्थायी बसोबास भएको नेपाली नागरिक ।

(ख) कुनै फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको ।

(ग) बैङ्को ऋण नतिरि प्रचलित कानुन बमोजिम कालो सुचिमा नपरेको ।

(घ) प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

(ङ) मानसिक सन्तुलन नगुमाएको ।

(४) समितिले मेल्लेख गाउपालिकाका उपाध्यक्ष लाई समितिको बैठकमा आमन्त्रण गरीनेछ ।

(५) समितिका सदस्यहरुको पद रिक्त हुने अवस्था :

(क) समिति मार्फत गाउ कार्यापालिका समक्ष आफ्नो पदबाट राजिनामा दिएमा ।

(ख) दफा ३ को उपदफा (३) बमोजिम योग्यता कायम नरहेमा ।

(ग) गाउ कार्यपालिकाले निजलाई पदमुक्त गरेमा ।

(घ) निजको मृत्यु भएमा ।

(६) समितिको गठन गाउपालिका (कार्यापालिका) बाट हुनेछ । समितिको कार्यअवधि नियुक्ति भएको मितिबाट बढीमा चार वर्षको हुने छ ।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) मेल्लेख क्षेत्रको प्राकृतिक सम्पदा तथा वातावरणको संरक्षण गर्ने गराउने ।

(ख) मेल्लेख क्षेत्रको विभिन्न स्थानलाई महत्वका आधारमा धार्मिक क्षेत्र, साँस्कृतिक क्षेत्र, पर्यटकीय क्षेत्र तोकी तदनुसार त्यस क्षेत्रको विकासको लागि योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) मेल्लेख क्षेत्र र सोको वरपर क्षेत्रका वासिन्दाहरुको दैनिक जीविकोपार्जनंको लागि रोजगारी सृजना तथा सीपमुलक घरेलु उद्योग सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

CamScanner

(ग) मेल्लेख क्षेत्र र सोको वरपर क्षेत्रका बासिन्दाहरुको दैनिक जीविकोपार्जनको लागि रोजगारी सृजना तथा सीपमुलक घरेलु उद्योग सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

(घ) मेल्लेख क्षेत्रसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्वन्धित रहेका कृषि पर्यटन, स्थानिय स्तरको जिवनयापन संस्कार परम्परा संस्कृति रहनसहन भेषभुषाका क्रममा प्रयोग गरेका सरसामान तथा अन्य चीज वस्तुहरु ऐतिहासिक तथा पुरातात्विक महत्वको रुपमा संरक्षण र सम्वर्द्धन र प्रदर्शन गर्न सहयोग गर्ने ।

(ङ) मेल्लेख क्षेत्रमा सरकारी तथा गैरसरकारी स्तरवाट सञ्चालन गरीने विभिन्न कार्यक्रमहरुवाट समन्वय कायम गराउने ।

(च) तीर्थयात्री तथा पर्यटकहरुको खाने बस्ने सुविधाको लागि पहाडि जनजिवन र संस्कृती झल्कने किसिमको ठाउँठाउँमा विश्राम गृह, होटेल, लज आदिको निर्माण लगायतका अन्य व्यवस्था गर्ने गराउने ।

(छ) मेल्लेख क्षेत्रको महत्व दर्साउन सम्मेलन, गोष्ठी तथा प्रदर्शनीको आयोजना गर्न, गराउने ।

(ज) मेल्लेख क्षेत्रको विकास योजना तथा कार्यक्रमको कार्यान्वयनको लागि प्रदेश सरकार संघिय सरकारको स्वीकृती लिई आवश्यक समन्वय तथा सम्पर्क कायम गरी आवश्यक स्रोत साधन जुटाउने ।

(झ) धार्मिक, आध्यात्मिक तथा स्वास्थ्य पर्यटन र कृषि पर्यटन प्रवर्द्धन गर्ने ।

(ञ) धार्मिक, आध्यात्मिक, खेल पर्यटन, पर्यावरण पर्यटन तथा स्वास्थ्य पर्यटन र कृषि पर्यटन प्रवर्द्धन गर्न आवश्यक भौतिक पुर्वाधार निर्माण गर्ने, गराउने ।

(ट) मेल्लेख क्षेत्रको पवित्रता कायम राख्न विभिन्न सुचना, आदेश र निर्देशन जारी गरी आह्वान गर्ने ।

(ठ) मेल्लेखलाई मुख्य पर्यटकिय क्षेत्र मानी अन्य धार्मिक कृषि तथा ऐतिहासीक पर्यटकिय क्षेत्र जोड्नका लागि योजना बनाई लागु गर्ने, गराउने ।

(ड) समितिका अध्यक्ष तथा सदस्यहरुको निर्माण तथा अन्य योजनाहरको अनुगमन गर्न सक्नेछन् ।

५. <u>समितिको बैठक</u> : (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सुचना समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा कम्तिमा ७ दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

CamScanner

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफुहरु मध्येबाट छानेका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्वन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशक : (१) समितिको प्रशासकिय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ । कार्यकारी अधिकृत छनोट प्रकृया देहाय बमोजिम हुनेछ ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन वा वाणिज्य शास्त्र वा पर्यटन व्यवस्थापन वा अर्थशास्त्र वा प्राकृतिक स्रोत व्यवस्थापन वा ग्रामिण विकास वा अन्य जुनसुकै विषयमा स्नातक गरेको व्यक्तिलाई गाउ कार्यापालिकाले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(क) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म गाउपालिकाले उपदफा (२) बमोजिमको योग्यता पुगेको गाउपालिकामा कार्यरत कर्मचारी मध्येबाट कुनै कर्मचारीलाई कामकाजका लागि तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधी चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले पद अनुरुप काम नगरेमा गाउपालिकाले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदवाट हटाउन सक्नेछ । र त्यसरी पदवाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समितिको निर्णय कायान्वयन गर्ने, गराउने ।

(ख) समितिको अल्प, मध्य, दिर्घकालिन योजना तथा वार्षिक कार्यक्रम तथा बजेट बनाई स्वीकृतिको लागि समिति समंक्ष पेश गर्ने ।

(ग) सचिवालयको प्रमुखको रुपमा काम गर्ने ।

(घ) सचिवालयको काम कार्वाहिलाई व्यवस्थित गर्ने, गराउने ।

(ङ) सचिवालयको प्रशासनिक प्रमुखको हैसियतले गर्नुपर्ने काम गर्ने ।

(च) प्रचलित कानुन बमोजिम अन्य काम गर्ने, गराउने ।

CamScanner

(६) कार्यकारी निर्देशकले समितिले तोके बमोजिमको सेवा सुविधा पाउने छ । समितिले त्यस्तो सेवा सुविधा उपलब्ध गराउदा आफ्नो श्रोत साधन हेरी अधिकतम नेपाल सरकारले निजामती सेवाको अधिकृत तृतिय क्षेणीले पाउने सरहको सेवा सुविधा उपलब्ध गराउने छ ।

(७) जनशक्ति तथा वजेट सम्वन्धी व्यवस्था : (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिम समितिको लागि आवश्यक पर्ने कर्मचारीहरु गाउपालिकाले व्यवस्थापन गर्नेछ

(३) समितिको लागि आवश्यक वजेट कार्यापलिकाले स्वीकृत गरे बमोजिम गाउपलिकाले उपलब्ध गराउनेछ

(८) समितिको खाता : (१) समितिको एउटा छुट्टै खाता हुने छ र सो खातामा तोकिए बमोजिमका रकमहरु रहनेछन ।

(२) समितिको खाता कार्यकारी निर्देशक र लेखा समुहको कर्मचारीको संयुक्त दस्तखतवाट संचालन हुने छ ।

(९) लेखा र लेखा परिक्षण : (१) समितिको आय व्यको लेखा गाउपालिकाले अपनाएको ढाँचा वमोजिम राखिनेछ ।

(२) समितिको लेखा परिक्षण गाउपलिकाको आन्तिरिक लेखापरिक्षण र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ ।

(३) गाउपालिकाले समितिको आय-व्ययको लेखा, तत्सम्वन्धी कागजात र अन्य नगदी वा जिन्सी सम्वन्धमा जुनसुकै वखत जानकारी लिन सक्नेछ ।

१०. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने :(१) दफा ३ वमोजिमको समितिले यो आदेश वमोजिम आफुले गर्नुपर्ने काम सुचारु रुपले गर्न, गराउनको निमित्त आवश्यकतानुसार छोटो अवधिको लागि उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलिहरुको काम, कर्तव्य र अधिकार प्रचलित कानुन वमोजिम समितिले तोके बमोजिम हुनेछ ।

११. वैठक भत्ता: समितिका अध्यक्ष तथा सदस्यहरुको समितिको वैठकमा भाग लिए वापत गाउ कार्यपालिकाले वनाएको नम्स वमोजिम वैठक भत्ता पाउनेछन ।

१२. निर्देशन दिन सक्ने : गाउपालिकाले समितिद्वारा गरिने काम कारवाहिको सम्वन्धमा समितिलाइ आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

CamScanner

१३. अधिकार प्रत्यायोजन : समितिले यस आदेश बमोजिम आफुलाई प्राप्त अधिकार मध्य आवश्यकतानुसार केहि अधिकार अध्यक्ष, सदस्य सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. अन्य निकायसँग सम्पर्क : समितिले आफ्नो काम कार्वाहिको सिलसिलामा गाउपालिकामा अध्यक्ष मार्फत, प्रदेश सरकारसँग सम्पर्क राख्नु पर्दा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फतर संघिय सरकार संग सम्पर्क राख्नुपर्दा संस्कृति पर्यटन तथा नागरिक उडडयान मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१५. प्रतिवेदन पेश गर्ने : समितिले वर्ष भरी सम्पादन गरेका मुख्य मुख्य काम कार्वाहिको स्वीकृत गरेको योजना तथा कार्यक्रम र सो अनुसार भएका काम तथा उपलब्धी सहितको वार्षिक प्रतिवेदन तयार गरी गाउपलिका समक्ष भदौ मसान्तसम्म पेश गर्नु पर्ने छ ।

१६. समितिको कार्यालय : समितिको मुख्य कार्यालय गाउकार्यपालिका बाट तोकिएको क्षेत्रमा हुनेछ ।

१७. निर्देशिका र कार्यविधि बनाउन सक्ने : यस आदेशमा उल्लेखित उदेश्य पुरा गर्न समितिले प्रचलित ऐन, कानुन र यस गठन आदेश विपरित नहुने गरि निर्देशिका र कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

१८. वचाउ: यो आदेश प्रारम्भ हुनु पुर्व मेल्लेख क्षेत्र पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन समितिले सम्पादन गरेको काम, कारवाहि यसै आदेश बमोजिम सम्पादन भएको मानिनेछ र समितिको स्वामित्वमा रहेका चल अचल सम्पति यस समितिको कार्यालयमा हस्तान्तरण गर्नुपर्नेछ ।

CamScanner